# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






वर्ष ८ अंक १७० | २२ पुष २०७९ शुक्रबार | 06 January 2023 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ


## प्रधानमन्त्री प्रचण्डलाई महासंघको बधाई



काठमाडौं, २१ पुस

नेपाल पत्रकार महासंघको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बधाई ज्ञापन गरेको छ। बिहीबार दिउँसो प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भेटी महासंघको टोलीले प्रधानमन्त्री प्रचण्डलाई बधाई दिएको हो । महासंघका अध्यक्ष विपुल पोखरेलको नेतृत्वमा आएको टोलीले प्रधानमन्त्री प्रचण्डको तेस्रो कार्यकाल सुशासन, विकास र समृद्धिका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका दृष्टिले अनुकरणीय रहन सकोस् भनी बधाई दिएको हो।

भेटमा अध्यक्ष पोखरेलले वर्तमान सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई केन्द्रमा राखेर नीति, कानुन तथा व्यवहार गर्न प्रधानमन्त्रीलाई आग्रह गरे । भेटमा प्रधानमन्त्री प्रचण्डले आफू मुलुकका लागि केही नयाँ गर्ने सङ्कल्पसहित प्रधानमन्त्रीको जिम्मेवारी लिएको बताउँदै आफ्नो कार्यकालमा कुनै पनि नराम्रो काम हुन नदिन सचेत रहेको बताए । प्रधानमन्त्रीले वर्तमान सरकार प्रेस स्वतन्त्रता र पत्रकारहरूको हितप्रति संवेदनशील रहेको बताउँदै महासङ्घसँग सहकार्य गरेर अघि बढ्ने बताए । भेटमा महासंघका अध्यक्ष पोखरेलका साथै सल्लाहकारहरु र केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू सहभागी रहेका थिए।

## लुम्बिनी: सरकार बनाउन २७ पुससम्मको म्याद



बुटवल २१ पुस

लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले सरकार गठनको आह्वान गरेका छन्। उनले २७ पुसको दिउँसो ४ बजेसम्म संविधानको धारा १६८(२) अनुसार मुख्यमन्त्रीमा दावी पेश गर्न आह्वान गरेका हुन्।

लुम्बिनी प्रदेशसभामा कुनै दलको बहुमत नभएकाले दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दावी पेश गर्न आह्वान गरेका हुन्।

८७ सदस्यीय लुम्बिनी प्रदेश सभामा वहुमतका लागि ४४ सांसद आवश्यक पर्छ । लुम्बिनीमा सत्ता गठबन्धनमा रहेका दलहरुसंग सरकार गठनका लागि पर्याप्त वहुमत अर्थात ५२ सांसद छन्। स्वतन्त्रबाट जितेका रोल्पाका दिपेन्द्र पुन पनि माओवादीमा प्रवेश गरेकाले ५३ सांसद पुगेको छ।

यहाँ नेकपा एमालेका २९, माओवादी केन्द्रका १०, राप्रपा र नागरिक उन्मुक्तिका ४ -४, जसपा र जनमतका ३-३ सांसद छन्। विपक्षमा रहेका कांग्रेसका २७, लोसपाका ३,राष्ट्रिय जनमोर्चा र नेकपा एकीकृत समाजवादीका १-१ जना र स्वतन्त्र २ जना छन्।


**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सुस्मिताका माइती पक्षले ३ वर्षमा न्याय पाए

## ❖ हत्यामा संलग्न ५ जना दोषि ठहर भई जेल चलान




**पार्वती पाण्डे**

कपिलवस्तु २१ पुस

कपिलवस्तुकी चेली सुस्मिता खड्का (थापा क्षेत्री)को हत्यामा संलग्न ५ जना दोषि ठहर भएर जेल चलान भएका छन्। हेटौंडामा १ असार २०७७ मा हत्या गरिएकी सुस्मिता सम्बन्धी मुद्दामा जिल्ला अदालत मकवानपुरले तीन वर्षपछि ५ जनालाई दोषि ठहर गर्दै जेल चलानको आदेश दिएको पीडितका ठूलो बुवा हेमवहादुर खड्काले जानकारी दिनु भयो। पटक पटक पेशी तोकिने र सर्ने गरेबाट पीडित पक्ष असन्तुष्ट बनि रहेका बखत लगातर ४ दिनको बहस पश्चात इजलास नं ३ का न्यायधिस श्री प्रसाद सञ्जेलको फैसलावाट घटनामा आरोपी ५जनानै जेल चलान भएका हुन् । सुस्मिताका ठूलो वुवा हेमबहादुर खड्काले सुस्मितालाई न्याय दिन ढिलाई भएपनि आज विहिवारको फैसलाले सबैलाई दोषि ठहर गरेकाले ढिलै भएपनि न्याय मिलेको वताउनु भयो। पीडितलाई न्याय दिलाउन माइती परिवारका सदस्यहरुका साथमा सामाजिक अभियन्ता मन्जु खाँण , मेचि महाकाली बुहारी अभियानकी उपाध्यक्ष दिना सुबेदी , स्वयमसेवक संघका केन्द्रीय अध्यक्ष खेमराज पौडेल लगायत मकवानपुर जानु भएको थियो । हत्य गरिएकी सुस्मिताका बुवा कृष्ण केसीले छोरीका हत्यारा जेल गएकोमा न्याय मिलेको वताउनु भयो। आमा गंगा केसीले आफ्नी छोरीलाई कुटीकुटी मार्नेहरु अव जेलमा सडेर मर्ने दिन आउने वताउनु भयो।

मकवानपुरको सूर्यचोकमा हत्या गरिएकी २४ वर्षीया सुस्मिता थापा क्षेत्रीको हत्या अभियोगमा उनकै सासु ससुरा, नन्दसहितको परिवारका सदस्य पक्राऊ परी र्पुपक्षका लागि थुनामा रहदै आएका थिए । प्रहरीले सुस्मिता थापाको हत्याको कारणमा भौतिक आक्रमण देखि जर्बजस्ती करणी उद्दोग लुकाउने सम्मको कारण देखिएको खुलाएको थियो।

सुस्मितामाथि ससुरा प्रकाश थापाले जर्बजस्ती करणी उद्दोग गरेको समेत खुलेको थियो। असार १ गते रक्सी पिएर ससुरा प्रकाश थापाले काठको लौरोले खान खाइरहेकी बुहारीलाई प्रहार गरेको र परिवारका अन्य सदस्यले समेत आक्रमण गरेको प्रहरी अनुसन्धानले निष्कर्ष निकालेको थियो।

हत्याको अभियोगमा सुस्मिताकका ससुरा प्रकाश थापा र सासु तुलसा थापा ,अविवाहिता नन्द सीता थापा र विवाहिता नन्द दुर्गा कार्की र उनका श्रीमान अरुण कार्की जेल चलान भएका हुन।

सुस्मितालाई पटक पटक काठको लौरो र ढुंगाको लोहोरोले निर्ममता पूर्वक प्रहार गरी हत्या गरेको खुलेको थियो। १ असारमा हत्या गरी भोलिपल्ट विहान ५ बजे बुहारीले आत्महत्या गरी भनी छिमेकीलाई जानकारी गराएपश्चात प्रहरीलाई खबर गरेका थिए । सुस्मिताका पति रुपेन्द्र थापाको मृत्यु भइसकेको थियो । पतिको मृत्युपछि एकल महिला सुस्मितामाथि परिवारले दुव्यर्वहार गर्न थालेको थियो । २३ असोज २०७६ मा ससुरालीबाट फर्कने क्रममा सवारी दुर्घटनामा परी सुस्मिताका पति रुपेन्द्र थापाको मृत्यु भएको थियो । रुपेन्द्रको मृत्युको कारण सुस्मिता हो भनी मानसिक यातना दिने गरेका थिए। सुस्मिताका पति रुपेन्द्रको सवारी दुर्घटनापश्चात क्षतिपूर्ति पाउने पाँच लाखबारे घरायशी विवाद भएको थियो। सुस्मिताले पाँच लाख लिएपछि घरपरिवारले आफूहरुले पाउनुपर्ने दाबी गरेका थिए। उनले काम गर्ने कम्पनिबाट बिमा, बोनस र तलब भत्ताको बाँकी रकम गरी ३७ लाख भुक्तानी लिने विषयमा पनि विवाद भएको थियो।

सोही कारण पनि भुक्तानी हुन सकेको थिएन ।सामाजिक सुरक्षा कोषबाट एक लाख ७७ हजार सुस्मिताको बैंक खातामा जम्मा भएको, बिमाको १० लाख इच्छाइएको व्यक्ति बाबु प्रकाश थापाले लिइसकेको भेटिएको थियो । आर्थिक विषयले पनि विवाद बढेको खुलेको थियो। त्यतिबेला डिएसपी इन्द्रबहादुर राना नेतृत्वको टोलीले अनुसन्धानबाट यी तथ्यहरु पत्ता लगाएको थियो । कपिलवस्तुकी २४ वर्षीया सुस्मिता थापा क्षेत्रीको हेटौंडाका रुपेन्द्र थापाबीच १८ वैशाख २०७६ मा विवाह सम्पन्न भएको थियो। ससुरालीबाट फर्कने क्रममा २३ असोजमा नवलपरासीको दाउन्नेमा थापाको सवारी दुर्घटनामा परी मृत्यु भएको थियो । त्यसपछि सुस्मितामाथि परिवारले चरम यातना दिने गरेको थियो।



## सम्पादकीय

# शीतलहरको सास्ती

मेचीदेखि महाकालीसम्मको तराई/मधेशको भू-भागमा शीतलहर चलेको छ । पहाडमा हुस्सु र कुहिरो एवं उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपातले सताएको छ । यो मौसममा हुन्छ यस्तो । अनियमित आकश्मिकता होइन, प्रकृतिको नियमित गति हो यो । कहिले मन्द र कहिले अतिजस्तो लाग्छ हामीलाई । तर हुन्छ भन्ने कुरा थाहा छ सवैलाई । पूर्वी तराई र मधेशका केही जिल्लामा त चिसोले कठ्यांग्रिएर कतिपय विपन्नको ज्यान समेत गएको छ । अरुतिर पनि होला । खबर आउला । तर मर्नपर्ने अवस्था नआओस् भनेर कहिलै सोचिएन । पूर्वतयारी पटक्कै गरिएन । सधैं उस्तै रह्यो । अस्थायी उपाय अपनायो, समय गुजाऱ्यो र अबगाल टाऱ्यो । यसरी कति दिन वा वर्ष चल्छ भनेर, सवैले मिलेर, स्थायी उपाय खोजेर समाधान गर्नका लागि सोच्न पर्छ कि पर्दैन ?

वर्षामा बाढी, डुबान र कटान । हिउँदमा शीतलहर । सधैभरिका छाडा चौपायाको समस्या । गर्मी र खडेरीमा आगलागी र डढेलो । खेतीपातीका लागि सिचाई । किसानका मल, बिउ सहित उत्पादनको समुचित भण्डारण र बजारीकरण । यी एक्लै कुनै नगरपालिकाले चाहेर समाधान गर्न सक्ने विषय हैनन् । यदि सवै मिलेर गर्न चाहने हो भने सास्तीका विषय पनि हैनन् । प्रदेश र संघ सरकारले समेत समन्वय गरेर, सघाएर काम थाल्ने हो भने असहज छैनन् । तर सवैले झारा टारेर समय गुजार्ने काम बाहेक केही गर्दैनन् । जसको मार सधै व्यहोर्न परेको छ विपन्नले । यसरी अब कतिवर्ष चल्छ ? चल्दैन । दीर्घकालीन र स्थायी समाधान खोज्नै पर्छ । खोजियोस् । चोक चौराहामा दुई/चार किलो दाउरा बाँडेर मात्र हुँदैन । त्यसरी बाँडेका दाउराले विपन्न र गरिवका आङ्मा न्यानो भर्दैन । रात काट्न गाह्रो पर्छ । एकछिन र एकदिनको कुरा हैन, महिनादिनसम्म पनि चल्न सक्छ यो ।

दाउरा बाँडदा पनि सम्पन्न र विपन्नका बीचमा अन्तर गरिदैन । विपन्नका वस्तीमा मात्र दिनपर्ने हो । सम्पन्नले त आफै जोहो गर्ने हो । तर बाँडेका दाउरा पनि पहुँचका आधारमा उनैले बढी लैजान्छन्, जसलाई आवश्यक परेको हुँदैन । राहत बाँड्दा होस् वा अरु सुविधा दिन खोज्दा होस्, सवैभन्दा बढी सक्षम र सम्पन्नले लिन थाल्दा विपन्नको बिजोग भएको हो । यो कुरा वितरकले बुझेर चाहिनेलाई मात्र दिन पर्छ । नचाहिनेलाई दिदा चाहिनेको भाग खोसिन्छ । खोस्नेहरुलाई सजाय नहुँदा यस्तो भएको हो । विपन्न र गरिवी निवारणका नाममा लुट्नेहरुकै रजाई हुन पुगेको हो । विपन्न नेपालीका लागि विदेशबाट आएको अनुदान, उद्दार र राहत बाँड्ने जिम्मा पाएकाहरुले बदमासी गर्दा विजोग देखिएको हो । राहतका लागि आएको खाद्यान्न र लत्ता कपडा समेत समयमा नबाँडेर सडाउनेहरुलाई सजाय गरिएको भए यस्तो हुन्थेन, समस्या पर्थेन । पोहोर परारतिर त कपडा बैंक बनाएर भएकाले दिने, नभएकाले लैजाने उपाय अपनाइएको थियो । गरिएनछ यसपटक । अझै पनि गरे हुन्छ । दीर्घकालीन रुपमा अपनाउन सकिने परोपकारका उपायलाई सँस्थागत नगर्नाले समस्या बढाएको पनि हो ।

# पृथ्वीमा ८ अर्ब मान्छेको कोलाहल

**यादव देवकोटा**

यो लेख पढिरहँदा तपाईं-हामीलाई चिनाउन प्रयोग गरिने आधुनिक मानव (होमो सेपियन्स) को सिंगो परिवारको जनसंख्या आठ अर्बमा थप भइसकेको छ। प्रतिसेकेन्ड यो संख्यामा बढोत्तरी भइरहेको छ। गएको नोभेम्बर १५ तारिखका दिन विश्वको जनसंख्या ८ अर्ब पुगेको संयुक्त राष्ट्रसंघीय जनसंख्या एकाइले घोषणा गरेको छ।



एघार वर्षअघिसम्म विश्व जनसंख्या सात अर्ब थियो। सात अर्बौं जनसंख्याका मानक पात्र बंगलादेशका सदिया सुल्तान र छ अर्बौं जनसंख्याका मानक पात्र बोस्निया हर्जगोविनाका अडनान मेविकलाई मानिएको थियो। अहिले आठ अर्ब जनसंख्या पुऱ्याउने गरी जन्मिएका होमो सेपियन्स परिवारका नयाँ सदस्य फिलिपिनी भाइनिस माबनसाग भएको दाबी अघि सारिँदा डोमिनिकन रिपब्लिकमा जन्मिएका डेमियन पनि आठ अर्बौं बच्चा भएको दाबी गर्दै समाचारहरू आइरहेका छन्।

मान्छेको कायाकल्पः के मान्छेको पुर्खा बाँदर थियो?

आज आठ अर्ब संख्या नाघिसकेको होमो सेपियन्स अर्थात् अतिबुद्धिमान मानिस भनिने आधुनिक मानवको पृथ्वीमा उपस्थितिको सबभन्दा पुरानो प्रमाण करिब तीन लाख बीस हजार वर्ष पुरानो अस्थि अवशेषका रूपमा प्राप्त भएको छ। उक्त जीवाष्म मारेक्कोको जेबेल इरहाउड (इरहौड) मा फेला परेको हो। यसको अर्थ आधुनिक मानव स्वरूप चिनाउने सबभन्दा पुरानो प्रमाण तीन लाख बीस हजार वर्ष आसपासको छ।

त्यसयताका तीन लाख वर्षमा यसको जनसंख्या बढेर आठ अर्ब पुगेको छ, नोभेम्बर १५, २०२२ को दिन।

मारेक्कोमा अस्थिपञ्जरमार्फत् आफ्नो जातिको पहिलो ब्लूप्रिन्ट छाडेर गएको उक्त होमो सेपियन्सको स्वरूप र बनावट ठ्याक्कै कस्तो थियो भन्ने यकिनसाथ भन्न सकिन्न। यति चाहिँ निर्धक्क भन्न सकिन्छ - लाखौंलाख वर्ष निरन्तर जारी उद्विकासको बाटो पार गर्दै चेतना, बनावट, प्रवृत्ति, खोपडी, उचाइ लगायतमा कायाकल्प भएरै उक्त व्यक्तिले होमो सेपियन्सको पहिलो पात्र बन्ने संयोगको धर्सो आफ्नो ब्लूप्रिन्टमा अंकित गरेको थियो।

होमो सेपियन्सको उक्त सर्वपुरातन पुर्खाको स्वरूप जे जस्तो थियो, बितेका तीन लाख वर्षभन्दा बढी अवधिमा यसमा भव्य कायाकल्प भइसकेको छ। तीन लाख वर्षपहिले मानव प्रजातिमा भएको कायाकल्पको निरन्तरता र तीन लाख वर्षयता आफैंभित्र भएका कायाकल्पको योगमा आज हामी आफैंलाई बुद्धिमान मानिस, आधुनिक मानिसको अलंकार भिराइबसेका छौं।

आज हामी जे जस्तो अवस्थामा छौं, यहाँसम्म आइपुग्न हामीले र हाम्रा पुर्खा प्रजातिहरूले कायाकल्पका अनेकन गल्छेँडाहरू पार गरेका छौं। उद्विकासको यात्रा पार गर्दै यहाँसम्म आइपुग्न अनेकन असजिला र चर्का पहराहरू भत्काएर सम्याएका छौं। कायाकल्प (उद्विकास) को यो लम्बेतान यात्रालाई अलिकति तन्काएर हेरौं।

डाइनोसर विनाश हुन थालेको समयकालतिरै अर्थात् ६ करोड ६० लाखदेखि ५ करोड ६० लाख वर्षअघि (यो समयकाल ९ करोड वर्ष अघिसम्म जानसक्ने अनुमान पनि सार्वजनिक भएको छ) को समयबीच पहिलो प्राइमेट्सका रूपमा पुर्गाटोरिअसको उद्विकास भयो। आरम्भिक नरवानर गण (प्राइमेट्स) को विकास डाइनोसर विलुप्त भएको समयकालतिरै रातमा सक्रिय रहने सानो (कीराफट्यांग्रा खाने) स्तनपायी जीवबाट भएको मानिन्छ। ट्री श्र्युज (Tree Shrews) र कोलुगोस (ऋयगिनयक) हरूलाई प्राइमेट्सको नजिकका जीवित नातेदार मानिन्छन् (Barbara Helm Welker – The History of Our Tribe M Hominini, 2017)।

प्राइमेट्सको मस्तिष्कको आकार शरीरको तौलको अनुपातमा पहिलेको स्वरूपको जीवभन्दा ठूलो थियो। उसमा दृष्टि क्षमताको वृद्धि, हातको स्वरूपमा भिन्नता, नङ्ग्राको स्थानमा नङको विकास, सहज हिँडडुल गर्न सक्ने गरी शरीरमा कंकालको विकास र मस्तिष्कको अघिल्तिरको स्वरूप विकास भएको थियो।

दुई करोड ३० लाखदेखि ५३ लाख वर्षबीचको समयकालमा प्राइमेट्सले आफूलाई थप विकसित गऱ्यो। अर्थात्, अघिल्लो कालको भन्दा उसको शारीरिक र मानसिक स्वरूपमा भिन्नता आयो। नरवानर गण (प्राइमेट्स) बाट एन्थ्रोपोइड्सको उद्विकास भयो।

आरम्भिक एन्थ्रोपोइड्सको स्वरूप मान्छेभन्दा बढी बाँदरको जस्तो थियो। तर ती न आजका बाँदरजस्ता थिए, न मानिसजस्ता। बरू एन्थ्रोपोइड्सबाट नयाँ र पुरानो भूगोलका बाँदरहरूको उद्विकास भयो। ती मात्रै उद्विकास भएनन्, साथमा 'एप्स' अर्थात् पुच्छर नभएको बाँदररूपी मानव स्वरूपको पनि विकास भयो।

जीवनको लामो विकास क्रम पार गर्दै प्राइमेट्स (नरवानर गण) बाट विकसित भएर एप्स (पुच्छरविहीन बाँदर स्वरूप) हुँदै लामो कालखण्डपछि पहिले आधा बाँदर र आधा मान्छेको स्वरूपको जीव पछि मानिसको स्वरूपमा विकसित भयो। करिब साठी लाख वर्षअघि एउटी स्त्रीलिंगी 'एप्स' का दुई छोरी भए। तीमध्ये एउटा चिम्पान्जीहरूका पूर्वज भइन् भने अर्की आजका मानवहरूको पूर्वज (Yuval Noah Harari– Sapiens, A brief History of Humankind, 2013)।

एप्सको मस्तिष्कको आकार शरीरको तौलको तुलनामा प्राइमेट्सको भन्दा ठूलो थियो भने उसको दृष्टि क्षमता, हातखुट्टाको स्वरूप र हिँडडुल गर्नसक्ने अवस्थामा पनि धेरै भिन्नता आइसकेको थियो। समयक्रममा एप्स विभिन्न शाखामा विभक्त भयो। पहिले आरोङओटनका पुर्खा पृथक भए। पछिबाट क्रमशः गोरिल्ला, गिब्बोन र चिम्पान्जीका पुर्खा मानिसका पुर्खाको हांगाबाट पृथक भए।

पृथक भए भन्नुको अर्थ, तिनको शारीरिक एवं मानसिक स्वरूपमा पृथकता आयो र ती एकअर्काभन्दा भिन्न स्वरूपमा विकसित भए।

आरोङओटनका पुर्खा अफ्रिकाबाट बाहिर निस्किएर एसियामा विस्तारित भएको पुच्छररहित बाँदरको एउटा प्रजातिमा पर्छ। शिवपिथेकस/रामापिथेकस (शिवपिथेकसका पोथी) हरू नेपालसम्म आइपुगेको कुरा यसको जीवाष्म नेपालको तिनाउ खोलाबाट प्राप्त भएबाट प्रमाणित हुन्छ।

बीसदेखि ३० केजी तौल भएको, करिब ४ फिट उचाइ र करिब ५०० क्युबिक सेन्टिमिटर मष्तिस्क भएको पूर्ण शाकाहारी शिवपिथेकस आजका आरोङओटनका पुर्खा थिए (Michael J. Benton–The History of LifeM A Very Short Introduction,2008), मान्छेका पुर्खा होइन।

शिवपिथेकसका पुर्खा अफ्रिकी एप (चिम्पान्जी र गोरिल्ला) र मानवको समान पुर्खाबाट अलग भएका थिए। त्यसैले अझै पनि रामापिथेकस, शिवपिथेकसलाई मानव पुर्खाका रूपमा, नेपालमा मानव जातिको प्राचीन उपस्थितिका रूपमा या रामापिथेकसलाई नेपालका आदिवासीहरूको प्राचीन पुर्खाका रूपमा प्रचार गर्ने र त्यही कुरा दोहोऱ्याइरहनु हास्यास्पद छ।

जीवाष्मशास्त्रीहरूले मानिस, गोरिल्ला र चिम्पान्जीको साझा पुर्खा र आरोङओटनका पुर्खा १ करोड ५० लाख वर्षजतिअघि नै एकआपसबाट अलग भएको उल्लेख गरेका छन्। त्यसैगरी गोरिल्लाको पुर्खा मानिस र चिम्पान्जीको साझा पुर्खासँग ८५ लाख वर्षजति अघि अलग भएको पाइएको छ। मानिस र चिम्पान्जीको पुर्खा भने ७५ लाखदेखि ५५ लाख वर्षअघिको समयबीच अलग भएको उल्लेख देखिन्छ।

आधुनिक जीव विज्ञानले कुनै समय मानिसको स्वरूप बाँदरको जस्तै थियो भनेको विषयलाई गहनतामा नबुझी विज्ञानले बाँदरलाई मानिसको पुर्खा भन्यो भन्ने तहमा टिप्पणी गर्ने गरेको पनि पाइन्छ, परम्परागत समाजले। यस्तो बुझाइ हाम्रोजस्तो विज्ञानको कम अध्ययन र बहस हुने समाजमा सामाजिक बुझाइको स्तर नै संक्रमित छ।

खासमा आधुनिक मानव बाँदरको सन्तान होइन। मस्तिष्क, शरीरको बनावट, हातखुट्टाको प्रयोग आदिका आधारमा नरवानर गण, पुच्छररहित बाँदर हुँदै मानिसको कायाकल्प (उद्विकास) त्यही जराबाट भएको हो, जुन जराबाट बाँदरको पुर्खाको हाँगोको पनि कायाकल्प भयो।

आजका बाँदरका पुर्खा र मानवका पुर्खा एकआपसबाट करिब ३ करोड ५० लाख वर्षअघि अलग भएका थिए। त्यसरी अलग हुँदा बाँदर र मानिसका पुर्खा अर्थात् समान पुर्खा एकै थिए। भन्नुको मतलब, मान्छे र बाँदर दुवैका पुर्खा प्राइमेट्स थिए। तर मानिस र बाँदर कोही पनि एकअर्काका पुर्खा थिएनन्। ती न आजका बाँदरजस्ता थिए, न आजका मानिसजस्ता।

त्यसैले आजको स्वरूपमा रहेका कुनै पनि प्राइमेट्स या बाँदर कोही पनि मानिसका पुर्खा होइनन्। विकट अतीतका 'नातेदार' भने हुन्।

मोरक्कोमा उत्खनन गरिएको प्राचीन होमो सेपिन्यसका हड्डीहरू। तस्बिर स्रोतः नेचर जर्नल

चिम्पान्जीसँगको साझा पुर्खाबाट विकास भएर एउटा हाँगोले थोरै मानव स्वरूप ग्रहण गऱ्यो। सत्तरीदेखि साठी लाख वर्ष पुरानो मानिएको मानव हाँगोको सबभन्दा जेठो स्वरूप सहेलान्थ्रोपस ट्चडेन्सिसको जीवाष्म सन् २००१ मा पश्चिम-मध्य अफ्रिकाको चाडबाट प्राप्त भएको छ। यसको जीवाष्म अष्ट्रालोपिथेकसको भन्दा भिन्न र पुरातन मानिसको जीवाष्मसँग मिल्दो पाइएको छ।

सन् २००० मा ६० लाख वर्ष पुरानो चिम्पान्जी आकारको ओर्रोरिन टुगेनेन्सिसको जीवाष्म अफ्रिकाको केन्यामा फेला परेको छ। सन् १९९७ मा इथियोपियाबाट ५८ लाखदेखि ५२ लाख वर्ष पुरानो मानिएको आर्डिपिथेकस कडब्बाको जीवाष्म प्राप्त भएको छ।

इथियोपियाबाटै सन् १९९७ र २००७ मा कडब्बाभन्दा पछिको र त्यसैको उत्कर्षमा विकास भएर उदाएको ४४ लाख वर्ष पुरानो मानिएको आर्डिपिथेकस रामिडसको जीवाष्म प्राप्त भएको छ। सहेलान्थ्रोपसबाट क्रमशः मानव स्वरूपतिर उद्विकासको बाटो पकडिएर विकसित हुँदै गएका यी प्राणी पछि मानव स्वरूपसँग झन् निकटको (आनुवांशिक हिसाबले समेत) अष्ट्रालोपिथेकसको वंशका रूपमा विकास भयो।

उत्तरी केन्याबाट प्राप्त करिब ४२ देखि ३९ लाख वर्ष पुरानो जीवाष्म अष्ट्रालोपिथेकस अनामेन्सिसको भएको प्रमाणित भएको छ। योसँगै अष्ट्रालोपिथेकसको वंशारम्भ भएको पाइन्छ। अष्ट्रालोपिथेकस वंशजकै इथियोपिया, केन्या र तान्जिनियाबाट प्राप्त ३८ लाख ५० हजारदेखि २९ लाख ५० हजार वर्षबीचको मानिएको जीवाष्मलाई अष्ट्रालोपिथेकस अफारेन्सिस (लुसी) भनिन्छ। यसलाई अफ्रिकाको दक्षिणी एप भन्ने नाम दिइएको छ।

यसलाई प्राग बाँदर स्वरूपबाट अलग भएर विकास भएको र हालसम्म प्रस्ट तवरले जानिएको मानिस स्वरूपको, रूखबाट झरेर जमिनमा सिधा भएर उभिने अभ्यास थालेको सबभन्दा प्राचीन पुर्वज मानिएको छ।

सन् १९६० देखि १९६३ बीच गरिएको उत्खननबाट तान्जिनियामा प्राप्त २३ लाखदेखि १४ लाख वर्ष पुरानो जीवाष्मले पुच्छररहित बाँदरको स्वरूपबाट मानिसको स्वरूपमा विकसित भइरहेको तर अझै पनि चेतना, शारीरिक बनावट, खानपान, हिँडडुलले विकसित मानिस नभइसकेको अवस्थाबाट मानव पुर्खाको परम्परागत स्वरूपमा क्रमभंग भएको तथ्य प्रकाशमा ल्यायो।

यसअघिको स्वरूपलाई अष्ट्रालोपिथेकस भन्ने गरिएकोमा यो जीवाष्म र यसपछि प्राप्त अस्थि अवशेषलाई होमो (मानव) समूहमा राख्न थालियो। ल्याटिन भाषाको 'होमो' शब्दले मानव अर्थात् मान्छे भन्ने जनाउँछ। उक्त जीवाष्मलाई होमो पदावली प्रयोग गरिनुका पछाडि आधुनिक मानवसँग त्यस प्रजातिको निकट सम्बन्ध छ भन्ने जनाउनु हो। यसले मानिसको स्वरूपमा धेरै विकास भइसकेको प्राणीको जीवाष्मको दर्जा पाउन सफल भयो। त्यसैले २३ लाखदेखि १४ लाख वर्ष पुरानो मानिएको उक्त जीवाष्मको नाम होमो ह्यबिलिस (हैबिलिस) राखियो। यसलाई 'ह्यान्डी म्यान' उपनाम समेत दिइएको छ।

होमो ह्यबिलिसलाई आधुनिक मानवको सबभन्दा प्राचीन स्वरूप मानिएकोमा सन् २०१० मा दक्षिण अफ्रिकाबाट प्राप्त २४ लाख वर्षजति पुरानो जीवाष्म, जसको नाम 'होमो गाउटेन्जिन्सिस' राखिएको छ, त्यो नै मानव वंशको या हाँगाको आजसम्म प्राप्त प्रमाणका आधारमा सबभन्दा पुरानो जरो मानिएको छ।

होमो ह्यबिलिसको जीवाष्म इथियोपिया, केन्या, दक्षिण अफ्रिका र तान्जिनियाबाट प्राप्त भएको छ। अष्ट्रालोपिथेकसको तुलनामा यसको मस्तिष्कको आकार ठूलो छ। अष्ट्रालोपिथेकसको मस्तिष्क औसतमा ४५० क्युबिक सेन्टिमिटर रहेकोमा होमो ह्यबिलिसको मस्तिष्क ६०० देखि ७५० क्युबिक सेन्टिमिटर रहेको पाइएको छ।

अल्जेरिया, मोरोक्को, इथियोपिया, केन्या, तान्जिनिया, दक्षिण अफ्रिका आदिको भूगोलमा विभिन्न समयमा उत्खनन गर्दा प्राप्त जीवाष्मलाई 'होमो इर्गास्टर' नामाकरण गरिएको छ। अफ्रिकाको एकल स्थानमा मात्रै नभई विभिन्न स्थानबाट यसको जीवाष्म प्राप्त भएकाले होमो इर्गास्टरलाई पहिलोपटक अफ्रिकाका विभिन्न भूगोलमा विस्तार भएको मानव वंशको पहिलो प्रजाति मानिएको छ। यसको जीवाष्म सबभन्दा पहिले सन् १९४९ मा दक्षिण अफ्रिकाबाट उत्खनन गरिएको थियो।

समयक्रममा यसका पूर्ण जीवाष्महरू अफ्रिकाको विभिन्न स्थानबाट उत्खनन गरिए, जसको समयकाल १८ लाख वर्षदेखि १३ लाख वर्ष बीचको मानिएको छ। यसलाई काम गर्ने मानिस (Work Man) भन्ने गरिन्छ। किनभने, यसले ढुंगाको हतियार प्रयोग गरेर शिकार गर्ने तथा विभिन्न कार्यमार्फत् जीवनयापन गर्ने कामको आरम्भ गरेको पाइएको छ। यसको मस्तिष्क ८०० दखि १२०० क्युबिक सेन्टिमिटर रहेको पाइएको छ।

सन् १८९१ मा इन्डोनेसियाको जाभाबाट पहिलोपटक उत्खनन गरिएको जीवाष्म, जसलाई 'होमो इरेक्टस' नाम दिइएको छ, त्यसको जीवाष्म विश्वका विभिन्न भागबाट प्राप्त भएको छ। चीन, भारतको नर्मदा, टर्की, अल्जेरिया, मोरक्को, केन्या, तान्जानिया लगायत स्थानबाट प्राप्त उक्त जीवाष्मलाई पहिले जाभा मानव, पेकिंग मानव आदि समेत नाम दिइएको थियो। यो मानव प्रजाति १९ लाख वर्षअघिदेखि २७ हजार वर्ष अघिसम्म अस्तित्व रहेको प्रमाण यसको जीवाष्मको अध्ययनबाट प्राप्त भएको छ।

सिधा उभिएर हिँड्ने होमो इरेक्टसको मस्तिष्कको आकार ९३० देखि १२३० क्युबिक सेन्टिमिटरसम्म रहेको पाइएको छ। यो अफ्रिकाबाट बाहिर निस्किएर विश्वभर फैलिएको मानव वंशको पहिलो प्रजाति मानिएको छ।

होमो इरेक्टसलाई सबभन्दा लामो समय आफ्नो अस्तित्व यो पृथ्वीमा कायम राख्न सफल पहिलो मानव प्रजाति

(बाँकी ३ पेजमा >>>

# गाउँ फेरिएर बजार बनेकोमा चुडामणी दंग

ढोरपाटन, २१ पुस

"विकास हुन धेरै समय लाग्दो रैनछ, यो गाउँ यति छिट्टै फेरियो, विगतलाई सम्झिँदा यस्तो होला भन्ने कसैले कल्पाना गरेका थिएनौँ", बडिगाड गाउँपालिका-५ का ७१ वर्षीय चूडामणि घिमिरे गाउँ फेरिएकोमा दङ्ग छन्।

दुई दशकअगाडिसम्म सनुसान गाउँ रहेको खौलारा अहिले स्वरुप बदलेर बजार बनेको छ। मध्यपहाडी लोकमार्ग खौलाराको मध्यभागबाट हुँदै गए पछि यहाँ थुप्रै विकासका सम्भावना पनि खुलेका छन्। करिब २३ वर्ष अगाडि मध्य पहाडी लोकमार्गको ट्र्याक खुले पनि एक दशक अगाडिसम्म बस्ती विस्तार भएको थिएन। अहिले बजार बनेको यो ठाउँमा स्थानीयले धान, गहुँ, तोरीलगायतका खाद्य बाली उत्पादन गरी यहीबाट जीवन चलाउथे। पाँचवर्ष अगाडि जब लोकमार्ग कालोपत्रे भयो तब यहाँ तीव्ररुपमा बजार विस्तार भयो। अहिले खौलाराको चारैतिर ठूला-ठूला घर भवन निर्माण भइरहेका छन्।पहिले अन्न उत्पादन हुने ठाउँमा अहिले बजार विस्तार हुँदा खुसी लागेको चूडामणि बताउछन्। उनले लोकमार्गले जोडिएपछि यो ठाउँका मुहार फेरिएको बताए। सडकले नजोडिँदा यहाँ चार पाँच वटामात्रै घर रहेको स्मरण गर्दै अहिले ठूला-ठूला सहरमा जस्तै भवन बनेको घिमिरेले सुनाए। अब नुन बोक्न बुटवल जानै नपर्ने उनको भनाइ छ। "खौलारामा धैरै राम्रो धान फल्थ्यो,



समथर ठाउँ थियो, यो गाउँका मान्छेले यही धान, गहुँ उत्पादन गरेर जीविका चलाउथे, अहिले मोटर गाडी आए, धान फल्ने ठाउँमा बजार बन्यो, गाडी गुड्छन्, पहिलेको खौलारा र अहिलेको खौलारामा आकाश पातल फरक छ", घिमिरेले भने, "खेती मासियो, घर भवन ठडिए, दिनदिनै घर बनेका छन्, पछिपछि त यहाँ खाली ठाउँ देख्नै पाइन्न होला।"

उनले सडक नआउँदा घण्टौं यात्रा गरेर दैनिक उपभोग्य सामान ढुवानी गर्ने स्थानीय अहिले घरै अगाडि सबै सामान किनमेल गर्न पाएको बताए। बजार बन्न थालेपछि आवश्यक सामान सबै यही पाइन थालेको घिमिरेको भनाइ छ। उनले अब सामान्य कामका लागि गाउँ छोडेर टाढा जानुपर्ने बाध्यताको अन्त्य भएको बताए। उनले भने, "हाम्रो पालामा सामान्य नुन, तेल किन्न पनि बटौली जानुपर्थ्यो, लत्ताकपडादेखि हामीलाई आवश्यक पर्ने सामान यहाँ पाइँदैनथ्यो, अहिलेको जस्तो पसल थिएनन्, बजार देख्न त कि बुटौलीनै जानुपर्थ्यो, कि सुनवल पुग्नुपर्थ्यो, अहिले भन्नुहुन्छ भने घरबाट बाहिर निस्किए बजार देखिन्छ, चाहिएको सामान सबै यहीं पाइन्छ।"

स्थानीय देवीराम खरेलले लोकमार्गका कारण यो ठाउँसँगै स्थानीयको जनजीवन परिर्वतन भएको बताउछन्। उनले सडक नआउँदा सामान्य कामको लागि हप्ता दिन हिँडेर सदरमुकाम बागलुङ बजार पुग्ने गरेको भन्दै अहिले तीन घण्टामै पुग्न सकिने बताए। सडकले नागरिकको जीवन सरल र सहज बनाउँदै गएको खरेलको भनाइ छ।

बडिगाडको सबै ठाउँ सडकले जोडिएको बताउँदै सडकले यहाँ उत्पादन भएका उत्पादित वस्तु बजारसम्म पुऱ्याउन सहज भएको उनले बताए। अहिले लोकमार्ग छेउछाउका जग्गामा धमाधम बस्ती विस्तार भइरहेको भन्दै यसरी बस्ती बढ्दै जाँदा सडक छेउका जग्गाको मूल्य निकै आकासिँदै गएको उनको भनाइ छ। सडक नआउँदा बाँझै रहेका जग्गा अहिले घडेरीमा परिणत भएको घिमिरेको भनाइ छ।

"सडकले स्थानीयलाई व्यावसायिक पनि बनाएको छ, पहिले गाउँमा उत्पादन हुने तरकारी तथा फलफूल निःशुल्क बाँड्ने चलन थियो, अहिले बजारसम्म ल्याएर थोरै भए पनि पैसा पार्ने बानी बस्दैछ", उनी भन्छन्, "अहिले त लोकमार्गले छोएको जग्गा खाली छैनन्, कहीँ ठाउँ घर बने, कतै बन्दै छन् भने केहीँ ठाउँमा घडेरी निर्माण भएका छन्, पहिले बाँझो बनेका जग्गा पनि अहिले लाखौं मूल्यमा बिक्री हुन थालेका छन्, खौलारामा सानादेखि ठूला-ठूला भवनले खाली ठाउँ ढाकिन थालेका छन्।"

बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले बजारलाई व्यवस्थित बजारका रुपमा विकास गर्न गाउँपालिकाले योजना बनाएको बताए। उनले पालिककै मुख्य बजारका रुपमा यस ठाउँ रहेको भन्दै अब यहाँ बन्ने कुनै पनि घर भवन मापदण्डविपरीत नबन्ने बताउछन्। अब मापदण्डपालना गरेर मात्रै संरचना निर्माण हुने उनको भनाइ छ।

अध्यक्ष अधिकारीले बजारमा ढल, फोहोर व्यवस्थापनका, सिसी क्यामेरा र सोलार बत्ती जडान गर्ने योजना रहेको जानकारी ए। बजारको सौन्दर्यकरणका लागि गाउँपालिकाले काम सुरु गर्न थालेको उनले बताए।

# पसलमा आगलागी: ३० लाख बढीको क्षती



**माधव बेल्वासे**

चन्द्रौटा २१ पुस

कपिलवस्तुको शिवराज नगरपालिका ५ चन्द्रौटाको एक पसलमा आगलागी भएको छ। बुधवार राती चन्द्रौटा चोक नजिकै रहेको किड्स क्याम्प एन्ड गिफ्ट सपमा आगलागीले क्षति पुराएको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनाएको छ।

आगलागीका कारण पसलमा रहेका सबै सामानहरू पुर्णरुपमा जलेर नष्ट भएका छन्। कस्मेटिक समान, कपडा, गिफ्ट सामान लगायतका सामाग्री सहित रु ३० लाख बढीको क्षती भएको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनाएको छ। राती अन्दाजी ९ बजेदेखि लागेको आगो करिब १ घण्टापछि शिवराज नगरपालिकाको दमकल, सशस्त्र प्रहरी, नेपाल प्रहरीको टोलीले नियन्त्रणमा लिएको थियो।

आगलागी भएको जानकारी पाएपछि पसल सञ्चालन सावित्री चन्द बेहोस हुनुभएको थियो। सावित्रीका पति किरण बहादुर चन्दका अनुसार पसलमा रहेका सबै समानहरु जलेको जानकारी दिनुभयो। विद्युत तार सर्ट भएर आगलागी भएको हुनसक्ने प्रहरीले प्रारम्भीक अनुमान गरेको बताइएको छ। घटनाको विषयमा थप अनुसन्धान जारी रहेको प्रहरी निरिक्षक कपिलजंग शाहीले बताउनुभयो।

# ८ अर्ब मान्छे...

मानिन्छ। आधुनिक मानव अर्थात् होमो सेपियन्सको उद्विकास भएपछिको निकै लामो समयसम्म अर्थात् आजभन्दा २७ हजार वर्षअघिसम्म होमो इरेक्टस पृथ्वीमा उपस्थित थियो। यसको आधुनिक मानवसँग साक्षात्कार, सके सहकार्य र सम्भोगसमेत भएको थियो भन्ने आकलनका आधारमा त्यसमाथि थप वैज्ञानिक अध्ययन जारी छन्।

सन् १९०७/८ मा जर्मनीको हिडेलबर्गमा प्राप्त जीवाष्मको नाम होमो हिडेलबर्गेन्सिस राखिएको छ। हिडेलबर्गेन्सिसको जीवाष्म जर्मनीका अलावा स्पेन, फ्रान्स, इटली, हंगेरी, ग्रिस, मोरक्को, इथियोपिया, जाम्बिया, तान्जानिया, चीन लगायत स्थानबाट प्राप्त भएको छ। जीवाष्मको अध्ययनबाट यो ७ लाख वर्षदेखि १ लाख वर्षअघिसम्म अस्तित्वमा रहेको प्रमाण प्राप्त भएको छ। यसको मस्तिष्कको आकार होमो इरेक्टसको भन्दा ठूलो रहेको पाइएको छ।

होमो इरेक्टसको मस्तिस्कको अधिकतम आकार १२३० सिसी रहेकोमा हिडेलबर्गेन्सिसको मस्तिष्कको आकार न्यूनतम ११०० क्युबिक सेन्टिमिटरदेखि अधिकतम १४०० क्युबिक सेन्टिमिटरसम्म रहेको पाइएको छ।

आरम्भमा बेल्जियमबाट सन् १८२९ मा उत्खनन गरिएको जीवाष्म निकै लामो समयसम्म सग्लो परिचयबाट वञ्चित भइरहेको थियो। पछि सन् १८५६ मा जर्मनीको नियन्डर उपत्यकाबाट उत्खनन गरिएको ४० हजार वर्ष पुरानो जीवाष्मको नाम 'होमो नियन्डरथलेन्सिस' राखिएपछि पहिले उत्खनन गरिएको जीवाष्म पनि यही नियन्डरथलकै चरित्रको भएको प्रमाणित भयो। नियन्डर उपत्यकामा फेला परेको अस्थि अवशेषका कारण उक्त जीवाष्मलाई नियन्डरथल राखिएको हो।

यसको जीवाष्म जर्मनीका अलावा दक्षिणपूर्वी एसियाबाट पनि प्राप्त भएको छ, जसको मष्तिस्कको आकार १२०० सिसीदेखि १७५० सिसीसम्म र औसतमा १४५० सिसी रहेको पाइएको छ। यो होमो सेपियन्स अर्थात् आधुनिक मानिसको भन्दा बढी हो।

नियन्डरथलको पुर्खा र आधुनिक मानवको पुर्खा ७ लाख ७० वर्षअघिदेखि ५ लाख ५० हजार वर्षबीचको समयमा एकआपसबाट अलग भएको जीवाष्म वैज्ञानिकहरूले उल्लेख गरेका छन्। आजसम्मको उत्खननबाट प्राप्त नियन्डरथलको सबभन्दा पुरानो जीवाष्म ४ लाख ३० हजार वर्ष पहिलेको छ। नियन्डरथल ३५ हजार वर्षअघि पृथ्वीबाट विलुप्त भएको मानिन्छ।

नियन्डरथलभन्दा पुरानो तर त्योभन्दा झन्डै सात हजार वर्षपछिसम्मको जीवाष्म पाइएको मानव प्रजाति 'डेनिसोवन होमिनिन' को अस्थि अवशेष रूसको अल्टाइस्थी डेनिसोवन गुफाबाट प्राप्त भएको छ। सोही गुफाबाट प्राप्त जीवाष्म भएकाले त्यसलाई डेनिसोवन नाम दिइएको थियो। डेनिसोवनको जीवाष्म युरोपका अलावा दक्षिणपूर्वी एसियाका विभिन्न स्थानमा पनि पाइएको छ।

आजभन्दा ५० हजार वर्षअघिसम्म पृथ्वीमा आधुनिक मानव एक्लो मानव प्रजातिका रूपमा ढलिमली गरिरहेको थिएन। आधुनिक मानव अर्थात् होमो सेपियन्सका अलावा होमो इरेक्टस, होमो नियन्डरथलेन्सिस, डेनिसोवन, होमो फ्लोरेन्सिससहरू पनि मौजुद थिए।

माथि सुरूमै उल्लेख गरिएको उत्तरी मोरक्कोको साफी सहरबाट ५० किमी टाढाको जेबेल इरहउडबाट उत्खनन गरिएको जीवाष्म आधुनिक मानव अर्थात् होमो सेपियन्सको (३ लाख २० हजार वर्ष पुरानो) भएको विवरण सन् २०१७ जुनमा प्रसिद्ध जर्नल 'नेचर' ले प्रकाशित गरेको छ।

अफ्रिकाबाहिर फैलावट

सबभन्दा पहिले ३ लाख २० हजार वर्षअघि मोरक्कोमा देखापरेको होमो सेपियन्स लामो समयकालमा अफ्रिकाभर फैलियो। अफ्रिकाको वातावरणीय सन्तुलनमा आएको बदलाव, फैलँदो जनसंख्याका लागि आवश्यक भोजनको खोजी, नयाँ भूगोलप्रतिको सम्भावित जिज्ञासा आदिका कारण अफ्रिकामा विस्तारित होमो सेपियन्स अफ्रिकाबाट बाहिर निस्कन अनेकनपटक असफल भयो। उसले फेरि पनि प्रयास जारी राख्यो।

अन्ततः पहिलोपटक करिब २ लाख २० हजार वर्षपहिले अफ्रिकाबाट बाँकी संसारमा मानव जनसंख्याको आबादी भर्न निस्कियो। तर, त्यसले बाँकी भूगोलमा आबाद गुल्जार गराउने काममा सफलता पाएन। त्यसपछि अफ्रिकाबाट निस्किएर बाँकी भूगोलमा आफ्नो आबादी फैलाउने प्रयास निरन्तर जारी रहे पनि लगभग सत्तरी हजार वर्षअघि भएको निर्णायक अफ्रिका निष्क्रमणमा आएकाहरूले मात्रै आफ्ना उत्तराधिकारीहरू अफ्रिकाबाहिर फैलाउने सफलता प्राप्त गरेको आनुवांशिक अध्ययनले पुष्टि गरेको छ।

बसाइसराइको ज्ञान त्यस बखतको चेतनामा नभए पनि आवश्यकता, बाध्यता, जिज्ञासा र सहजताको खोजीले एउटा भूगोलबाट अर्को भूगोलको लम्बे यात्रामा अघि बढ्ने यात्री बन्यो। प्रचलित अभ्यासबाट माथि उठेर जोखिम मोल्ने साहसिक बाटोमा अभिसारित भयो। नयाँ खोज, विकास र आविष्कारमा अघि बढ्यो।

आज हामी जति पनि अफ्रिकाबाहिरका मानिस छौं, सबै सत्तरी हजार वर्षजति अघि अस्तित्वमा आएको माइटोकन्ड्रिअल हाप्लोग्रुप भएकी एउटी आमाका उत्तराधिकारी हौं। त्यही डिएनए बोकेर अफ्रिकाबाट आप्रवासनमा निस्किएकी प्राग-जिजूआमाबाट जन्मिएर फैलिएका सन्तान हौं। तिनै प्राग-जिजूआमा र उनले अफ्रिकामै छाडेर आएका नातेदारहरूबाट जन्मिएर बढेको संख्या जोडिँदै आज हामी पृथ्वीमा कोलाहल मच्चाइरहेका आठ अर्ब सदस्य रहेको विशालतम परिवार बनेका छौं।

आज आठ अर्ब पुगेको विश्व जनसंख्या नौ अर्ब पुग्न पन्ध्र वर्ष लाग्नेछ। सन् २०३७ मा यो नौ अर्ब पुग्नेछ। सन् २०३० सम्म विश्व जनसंख्या ८.५ अर्ब पुग्ने आकलन गरिएको छ।

राष्ट्रसंघीय प्रक्षेपणअनुसार, सन् २०५० सम्म ९.७ अर्ब जनसंख्या पुग्ने र सन् २१०० सम्म यो संख्या बढेर विश्वभर आधुनिक मानवको जनसंख्या १०.४ अर्ब पुग्नेछ। यसरी जनसंख्या बढेर सन् २१०० सम्म १०.४ अर्ब पुग्ने सम्भावना ९५ प्रतिशत रहेको उसको प्रक्षेपण छ।

साथै, विविध महामारी, जलवायु परिवर्तनजस्ता वातावरणीय संकट, खाद्यान्न संकट, युद्ध आदि कारणले सन् २१०० मा मानव जनसंख्या घटेर अहिले रहेको जनसंख्याको आधाभन्दा कम अर्थात् ३.५ अर्बमा झर्न सक्ने सम्भावना पनि देखाइएको छ।

अफ्रिका र युरोपः फैलावट र गिरावट

संयुक्त राष्ट्रसंघले अहिले रहेको जनसंख्या र सन् २०५० मा पुग्ने जनसंख्याबीच जुन बदलाव रहन्छ, त्यसरी बढेको जनसंख्याको आधाभन्दा बढी हिस्सा अफ्रिकाले ओगट्ने प्रक्षेपण गरेको छ।

अहिले नै सबभन्दा बढी जनसंख्या वृद्धिदर अफ्रिकाकै छ। सन् २०५० सम्म अफ्रिकी उप-सहारा क्षेत्रको जनसंख्या अहिलेको भन्दा दोब्बर हुनेछ। आगामी दशकभित्रै अफ्रिकाले विश्व जनसंख्याको आकार निर्धारण र विश्वभर आप्रवासनमार्फत जनसंख्याको फैलावटमा मूख्य भूमिका निर्वाह गर्नेछ। यसरी हेर्दा यसले सत्तरी हजार वर्षअघिको आधुनिक मानवको आप्रवासनको शृंखला दोहोऱ्याउन गइरहेको संकेत दिन्छ।

अफ्रिकामा यसरी तीव्र रूपमा जनसंख्या वृद्धि भइरहेका बेला युरोपको जनसंख्या भने भारी संख्याले घट्नेछ। सन् २०५० सम्म विश्वका ६१ देशको जनसंख्यामा कमसेकम १० प्रतिशत गिरावट आउने र यसको ठूलो हिस्सा युरोपले ओगट्ने प्रक्षेपण राष्ट्रसंघीय जनसंख्या विभागले गरेको छ। कैयन देशको जनसंख्या गिरावट १५ प्रतिशतसम्म पुग्नेछ। यसमा एसियाली देश जापानसमेत सामेल छ। यसका अतिरिक्त युक्रेन, सर्विया, रोमानिया, बुल्गेरिया, क्रोयसिया, हंगेरी, लाटभिया, लिथुवानिया लगायत देश १५ प्रतिशतसम्म जनसंख्या गिरावटको बाटोमा जाने देशहरूको सूचीमा समाविष्ट छन्। चीनसमेत सन्तान उत्पादनको घट्दो प्रवृत्तिबाट गुज्रनेछ।

अहिले पनि जनसंख्या वृद्धि भएर विश्व जनसंख्या आठ अर्ब नाघेको धेरै मानिस जन्मिएर मात्र होइन। जन्मेका मानिसको औसत आयु वृद्धि भएर पनि हो। मानिसको औसत आयु २०१९ को आँकडामा ७२.८ वर्ष छ। प्रक्षेपणअनुसार सन् २०५० मा यो बढेर ७७.२ वर्ष पुग्नेछ।

अहिले सिंगो युरोपेली देशहरूको सन्तान उत्पादन दर युरोपको दीर्घकालीन जनसंख्या निरन्तरता दरको आवश्यकताभन्दा कम छ। कैयन देशमा सन्तान उत्पादन दर युरोपको जनसंख्या प्रतिस्थापनका लागि आवश्यक दरभन्दा कम हुन थालेको केही दशक पुग्न लागिसकेको छ। हाल विश्वव्यापी प्रजनन क्षमता (दर) २.३ छ भने यो सन् २०५० सम्म २.१ मा झर्ने आकलन गरिएको छ। युरोपमा अहिले नै प्रजनन दर २.१ प्रतिशभन्दा तल झर्न थालिसकेको छ।

नयाँ तथ्यांकअनुसार भारतको जनसंख्या १ अर्ब ४१ करोड पुगेको छ भने चीनको जनसंख्या १ अर्ब ४५ करोड छ। भारतले चीनको जनसंख्यालाई २०२३ मै उछिन्ने र विश्वकै सबभन्दा ठूलो जनसांख्यिक देश बन्ने राष्ट्रसंघीय जनसंख्या एकाइको आर्थिक तथा सामाजिक मामिलासम्बन्धी विभागको प्रक्षेपण छ। उक्त विभागले जारी गरेको प्रक्षेपणअनुसार सन् २०५० सम्म चीनको जनसंख्या २.७ प्रतिशत अर्थात् ४ करोड ८० लाख आसपासको संख्यामा कम हुनेछ।

भारतको जनसंख्या वृद्धिदर १७.६ प्रतिशत छ भने चीनको ७.१ प्रतिशत छ। नाइजेरियाको ६ प्रतिशत, अमेरिकाको २.७, पाकिस्तानको ४.३, इथियोपियाको ३.६, कंगोको ३.५, इन्डोनेसियाको ३.१, इजिप्टको २.४, बंगलादेशको २.३ प्रतिशत छ। यी देशले विश्वको बढेको १ अर्ब जनसंख्याको ५२.६ प्रतिशत हिस्सा ओगटेका छन्।


## भुमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**नुवाकोट, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

**पर्यटकीय गन्तव्यहरुको DPRतयार गर्नको लागि**
**आशयपत्र ( Expression of Interest) आव्हान गरिएको सूचना!**

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/२२**

भूमिकास्थान नगरपालिकाका प्रमुख ३ वटा पर्यटकीय गन्तव्यहरुको अवधारणापत्र र गुरुयोजना नक्सा सहितको DPR तयार गर्ने प्रयोजनका लागि यस नगरपालिकाबाट स्वीकृत भएको कार्यगत शर्त (TOR) को परिधिभित्र रही सम्बन्धित विषयक्षेत्रमा अनुभव हासिल गरेका प्रचलित कानुन बमोजिमका परामर्श सेवा प्रदायक फर्म/संस्था/कम्पनीहरुसंग विद्युतीय प्रणाली (E-Bid) माध्यमबाट परामर्श सेवा प्रदायक फर्म/संस्था/कम्पनीहरुको संक्षिप्त सूची तयार गर्नुपर्ने भएकोले ईच्छुक फर्म/संस्था/कम्पनीहरुबाट तोकीएको ढाँचामा देहाय बमोजिमको विवरण खुलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वकको आशयपत्र ( Expression of Interest) पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएकोछ।

१. आशयपत्रदाताले निम्नानुसारको कागजात सहित आशयपत्र पेश गर्नुपर्नेछ।
क) आशयपत्र पेश गर्ने सम्बन्धि आवेदन।
ख) आशयपत्रदाताको दर्ता नविकरण, मू.अ. कर दर्ता, करचुक्ता प्रमाण पत्र।
ग) आशयपत्रदाता परामर्श सेवा उपलब्ध गराउन अयोग्य नभएको घोषणा पत्र।
घ) कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेखित मुख्यमुख्य जनशक्तिहरुको प्रमाणित गरेका व्यक्तिगत विवरण ( Bio– Data)
ङ) दुई वा दुई भन्दा बढी फर्म/संस्था/कम्पनीले समूह संगठन संयुक्तउपक्रम/कम्पनीले समूह संगठन संयुक्तउपक्रम (JV) को रुपमा परामर्श सेवा दिने भए त्यस्तो फर्म/संस्था/कम्पनीको नाम, ठेगाना र विवरण तथा मुख्य भै काम गर्ने फर्म/संस्था/कम्पनीको नाम खुलाउनु पर्नेछ।
च) अन्य केही कागजात भए सो को विवरण।
२. ईच्छुक आशयपत्रदाताले आशयपत्र सम्बन्धी कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरण भरी आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टलwww.bolpatra.gov.np/egpबाट मात्र पेश गर्न सकिनेछ। आशयपत्र सम्बन्धी कागजातहरु www.bolpatra.gov.np/egpबाट डाउनलोड गर्न सकिनेछ।
३. E-submission www.bolpatra.gov.np/egpबाट प्रस्तावित आशयपत्रहरु १६ औ दिनको अपरान्न १.०० बजे आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधीहरुको उपस्थितिमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ। तर आशयपत्रदाहरु वा निजहरुको आधिकारिक प्रतिनिधीहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन।
४. आशयपत्र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यलय खुलेको दिन तोकिएको समय अनुसार नै खोलिनेछ।
५. रित नपुगेको, म्याद नाघी आएको र कागजात प्रष्ट नभएको आशयपत्र उपर कुनै कारवाही हुने छैन।
६. तोकीएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र स्वीकृत मापदण्डका अधिनमा रही मूल्यांकन गरी योग्यताक्रमका आधारमा छनौट भएका आशयपत्रदाताहरुको सूची योग्यताक्रम अनुसार प्रकाशित गरिनेछ र संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुबाट मात्र परामर्श सेवा खरिद सम्बन्धि प्रस्ताव माग गरिनेछ।
७. Upload भएका आशयपत्रहरुका साथ स्क्यान गरी पेश गरिएका कागजातहरुको सम्बन्धमा सक्कलप्रति नगरपालिकाले आवश्यक ठानेमा आशयपत्रदाताले तोकीएको समयभित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।
८. आशयपत्र खोल्ने समयमा आशयपत्रदाताको आशयपत्रहरु अपलोड भएको नदेखिमा, अपलोड भएको File प्रष्टसंग नबुझिएमा, डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको File नखुलेमा यस कार्यालय जवाफदेही हुनेछैन।
९. आशयपत्र आव्हान सम्बन्धि सूचनामा उल्लेख गर्न छुट भएका विषयहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन, नियम बमोजिम हुनेछ।
१०. आशयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. यस सम्बन्धमा अन्य थप कुराको जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**सम्पर्क : भूमिकास्थान नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अर्घाखांची**
**फोन नं. ९८५७०६९९८१, ९८५७०६९९८७, ९८५७०६९७९६, ९८५७०६६६०६**



**जन्म मुत्यु बिबाह बसाईसराई समबन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटनाहरू समयमै दर्ता गराऔ गाँउघर बस्टीटोल सफा राखौ, सडकमा छाडा चौंपया नछोडौ, एक घरमा एक चर्पी निर्माण गरौ, घर नक्सा पास गरेर मात्र निर्माण गराऔ, राष्ट्रिय परिचय पत्र अनिवार्य बनाऔ।**

अनुरोधक :-

**कृष्णनगर नगरपालिका वडा २ को कार्यालय**
कपिलवस्तु

# ईश्वर पोखरेल बंगलादेश प्रस्थान



काठमाण्डौ २१ पुस

नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल विहिवार बंगलादेश प्रस्थान गर्नुभएको छ।

बंगलादेश क्रान्तिकारी श्रमिक पार्टीको १० औं महाधिवेशनमा नेकपा (एमाले)का तर्फबाट अतिथिका रुपमा सहभागी हुन उहाँ दिउँसो १ बजे ढाका प्रस्थान गर्नुभएको हो। उहाँले भोलि महाधिवेशनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। पोखरेलसँगै नेकपा (एमाले) विदेश विभाग सदस्य डा. दीपेन्द्र श्रेष्ठ पनि महाधिवेशनमा सहभागी हुनुहुन्छ। एमाले वरिष्ठ उपाध्यक्ष पोखरेल २ दिनपछि नेपाल फर्कनुहुनेछ।

# शितगंगामा ५ किलो गांजा सहित एक जना पक्राउ





अर्घाखाँची, २१ पुस

अर्घाखाँचीको शितगङ्गामा ५ किलोग्राम गांजा सहित एक जनालाइ प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्लाको शितगंगा नगरपालिका वडा नम्बर १४ सिमलपानी, तल्ला गाउका ६४ बर्षिय भिम प्रसाद न्यौपानेलाई नियन्त्रण लिएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ।

प्रहरीका अनुसार शितगंगा नगरपालिका वडा नं. १४ सिमलपानी तल्ला गाउँमा लागु औषध (गांजा) कारोवार भई रहेको छ भन्ने विषेश सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय ठाडाबाट प्रहरी निरीक्षक होमनाथ रेग्मीको कमाण्डमा खटिएको टोलिले न्यौपानेको घरमा खानतलासि गर्दा ५ किलोग्राम लागु औषध (गाँजा) जस्तो देखिने पदार्थ सहित न्यौपानेलेलाई नियन्त्रणमा लिएको थियो। न्यौपानेलाई लागू औषध मुद्धामा जिल्ला अदालत अर्घाखाँचीबाट ४ दिनको म्याद थपगरी अनुसन्धान अगाडि बढाइएको छ।

# चिदिचौर छेउका व्यापारीलाई समस्या



गुल्मी २१ पुस

रेसुंगा नगरपालिका-९ उपल्लो तम्घासकी ४० वर्षीय लक्ष्मी बरालले २०६० सालदेखि चिदिचौरको छेउमा बसेर बदामसँगै टीका बेचेर गुजरा चलाउँदै आएकी छन्।

नगरपालिकाले चिदिचौरको छेउबाट उठाउने भन्ने सुनेपछि आफनो गुजारा चलाउने बाटो नै रोकिने भन्दै उनलाई दिनरात चिन्ताले सताउने गरेको छ।

आफूले बदाम र टीका बेचेर दैनिकी चलाउँदै आएको भन्दै नगरपालिकाले यहाँबाट हटाइदिए ज्यान पाल्न पनि धौ धौ हुने उनको भनाइ छ।

उनले बदाम र टीका बेचेर २१ वर्षीय छोरीलाई स्नातक तह अध्यापन गराउँदै आएकी छिन्। यहाँबाट नगरपालिकाले उठाइदिए छोरीलाई कसरी पढाउने र दैनिकी कसरी चलाउने भन्ने चिन्ताले रातमा निद्रासमेत पर्न छाडेको उनले गुनासो गरिन्।

यस्तै चिदिचौरमै २०४५ सालदेखि आर्युवेदको जडीबुटी बेच्दै आएका ७३ वर्षीय मणी पन्थीले नगरपालिकाले आफूहरुले गर्दै आएको पेशालाई हटाउन नहुने बताउँछन्।

उमेरले पनि नेटो काट्दै गएको भन्दै पन्थीले यहाँबाट उठ भन्नुभन्दा यहीं नै राम्रोसँग व्यवस्थित तरिकाले काम गर भनेमा उत्तम हुने बताएका छन्। नगरपालिकाले यहाँबाट उठ भन्नुभन्दा पहिले अर्को ठाउँको बिकल्प दिन पनि सुझाव दिए।

चिदिचौरको छेउमा बदाम, सुन्तला, टीका लगायतका अन्य सामग्रीहरू बेच्नेहरुले यहीं बसेर व्यापार गर्न पाए आफूहरुको दैनिकी राम्रो हुने बताउँदै आएका छन्।

यता, नागरिक समाज गुल्मीका अध्यक्ष पदमप्रसाद पाण्डेले चिदिचौरको छेउमा बसेर व्यापार गरी दैनिकी चलाउँदै आएकाहरुलाई नगरले वैकल्पिक स्थानको व्यवस्था गर्नु नैतिक दायित्व भएको बताए।

चिदिचौरको सौन्दर्यता कायम राख्नु सबैको दायित्व भएको भन्दै विभिन्न व्यापार व्यवसाय गर्दै आएकाहरुलाई पनि वैकल्पिक स्थानको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए।

यता, नगरप्रमुख खिलध्वज पन्थीले चिदिचौरको छेउमा व्यापार व्यवसाय गर्दै आएकाहरुलाई हाटबजारको नजिकै व्यवस्थापन गर्ने गरी आफूले योजना बनाएको दाबी गरे।

चिदिचौरलाई व्यवस्थित गर्नु सबैको दायित्व भएको भन्दै नगरले चिदिचौरलाई व्यवस्थित गर्न लागेको बताए।

# विजयनगरमा नि:शुल्क आँखा उपचार




**जानु पाण्डे**

कपिलवस्तु २१ पुस

कपिलवस्तुको विजयनगर गाउँपालिकाले निःशुल्क आँखा उपचार शिविर सञ्चालन गरेको छ। गाउँपालिकाका ग्रामीण भेगमा जनतालाई उपचारको दायरामा ल्याउनको लागि शिविर सुरु गरेका गाउँ पालिका अध्यक्ष गोपाल बहादुर थापाले बताउनु भयो। विपन्न समुदायलाई चेकजाँच गर्न आर्थिक समस्या पर्ने भएकोले गाउँघरमा चिकित्सक बोलाएर शिविर सञ्चालन गरिएको थापाले बताउनु भयो।

आँखा उपचार शिविर २ दिन सम्म हरिबोध माध्यमिक आधारभूत विद्यालयमा चल्ने बताइएको छ। छन्दे कालेबाबु आँखा अस्पताल बहादुरगन्जको प्राविधिक टोलीले चेकजाँचका लागि खटिएका छन्। सामान्य प्रकारका बिरामीको शिविरबाट उपचार हुने र अप्रेसन गर्न पर्ने बिरामीलाई अस्पतालमा रेफर गरी निःशुल्क उपचार हुने अस्पतालका प्रमुख प्रशासकीय अधिकृत जसराज विश्वकर्माले बताउनु भयो।

# चैत ५ स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन




काठमाडौं २१ पुस

त्रिभुवन विश्वविद्यालय(त्रिवि) विद्यार्थी कल्याण तथा खेलकुद परिषदले आगामी चैत ५ गते स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन गर्न प्रस्ताव गरेको छ।

बिहीबार बसेको परिषदको बैठकले कार्यकारी परिषदलाई निर्वाचन गर्न प्रस्ताव गरेको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिए।

उनले थाहाखबरसँग भने,'परिषदले कार्यकारी परिषदलाई चैत ५ गते निर्वाचन गराउने भनेर प्रस्ताव गरेको हो,अब निर्णय कार्यकारी परिषद्ले गर्छ।'

त्रिविका तत्कालीन कुलपति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले समयमै स्ववियु निर्वाचन गर्न त्रिविलाई निर्देशन दिएपछि त्रिविले फागुन १४ मा गर्ने गर्ने तयारी गरेको थियो। त्रिविले यसका लागि आंगिक क्याम्पसहरूलाई तयारी गर्न भनेको थियो।

तर, त्रिवि विद्यार्थी कल्याण परिषद्ले आगामी फागुन २८ मा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्ने प्रस्ताव गरेको थियो। तर,फेरि समय धकेलिएको छ। नेपाल विद्यार्थी संघका अध्यक्ष दुजाङ शेर्पाले चैत ५ गते स्ववियु चुनाव गर्न आफूहरू तयार रहेको जानकारी दिए।१४ वर्षदेखि स्ववियु निर्वाचन हुन सकेको छैन।




कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशकः **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादकः **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही



**कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठान**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि

प्रबन्ध निर्देशकः **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादकः **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**

**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**ः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**ः buddhadarpan@gmail.com **मुद्रण**ः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौ, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

सत्यदेवा केसर उद्योग प्रा.लि. परिवार
बुद्धभूमी नगरपालिका- चंघाट, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

ओकारनाथ शुक्ला
संचालक
निधि कन्सट्रक्सन प्रा.लि. परिवार
कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

प्रताव गिरी
संचालक
तावाश्री निमार्ण सेवा प्रा.लि परिवार
बाणगंगा नगरपालिका -७ वनगाई कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

अनन्त कुमार खड्का
संचालक
शिवराज नगरपलिका परिवार
शिवराज नगरपलिका कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

ईश्वर चन्द्र गुप्ता
संचालक
रिन्कु कन्सट्रक्सन सेवा प्रा.लि परिवार
कपिलवस्तु नगरपालिका- १ तौलिहवा, कपिलवस्तु

**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

# न्यु श्री शिव शंखर दुवानी सेवा

## शिवराज न.पा.-५, चन्द्रौटा, कपिलवस्तु

पत्र संख्याः
चलानी नं.:

मितिः ..........................

श्री जो जस सँग सम्बन्ध छ।

विषयः आम्दानी प्रमाणित गरिएको बारे।

प्रस्तुत विषय सम्बन्धमा बाणगंगा न.पा.-४, कपिलवस्तु निवासी श्री खम बहादुर क्षेत्री ले यस संस्थाको ठुलो सवारी साधन ट्रक ड्राईभरको रुपमा २०७८/१२/०१ बाट काम गर्दै आएको जानकारी गराउदै निजले मासिक रुपमा तलव र भत्ता गरि रु. ८१०००/- (अक्षरुपी एकासी हजार मात्र) नगत प्रप्त गनेकुरा जानकारी गराउँदछु।

सम्पर्क नं.: ९८५७०१४३५२

न्यु श्री शिव शंखर दुवानी सेवा



कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही